# दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

| खण्डः ८ | संख्याः ७ | २०८१ कार्तिक २१ गते |
|---|---|---|


## भाग : २

दुल्लू नगरपालिका, नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि (संशोधन) सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ (पहिलो संशोधन, २०८१)

**प्रस्तावना :** दुल्लू नगरपालिकाको पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दुल्लू नगरपालिकाको पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी दुल्लू नगर कार्यपालिकाको मिति २०८१।०७।२० गतेको वैठकबाट "पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ (पहिलो संशोधन, २०८१)" स्वीकृत गरी लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ (पहिलो संशोधन, २०८१)" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ को दफा ९ को उपदफा (३) मा संशोधन : पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ (यसपछि मूल कार्यविधि भनिएको) को दफा ९ को उपदफा (३) मा देहाय अनुसार संशोधन गरिएको छ :

(क) दफा ९ को उपदफा (३) मा रहेको "तर घर/भवन सडक अधिकार क्षेत्र **(ROW)** तथा सेटव्याक **(SET BACK)** दुवै भित्र परेको वा मिचेको पाइएमा त्यस्तो भवनको अभिलेखिकरण गर्न सकिने छैन " भन्ने व्यवस्था हटाई "यदि घर/भवनको आंशिक भागले मात्र सडक अधिकार क्षेत्र **(ROW)** तथा

सेटव्याक **(SET BACK)** दुवै मिचेको तर पुरै भाग सडक अधिकार क्षेत्र **(ROW)** तथा सेटव्याक **(SET BACK)** दुवै भित्र नपरेको भएमा मापदण्ड भित्र मात्र पर्ने भाग नक्सामा नै स्पष्ट हुनेगरी छुट्टयाई सो मापदण्ड भित्र मात्र परेको भागको घर नक्सा पास दस्तुर लिई बाँकी भागलाई नक्सापास गर्न नमिल्ने **(Non Authentic)** भन्ने जनाई मापदण्ड (सेटव्याक तथा सडक अधिकार क्षेत्र) मिचेको घरको भाग आवश्यक परेको अवस्थामा हटाउने अनुसुचि-८ बमोजिमको मञ्जुरीनामा पत्र गराई "पहिले नै वनेको घरको अभिलेख एवम् नियमनका लागि जारी गरिएको" भन्ने उल्लेख गरी सो घरको मापदण्ड पालना सम्बन्धमा स्वघोषणा तथा कवुलियतनामा गराई अभिलेखिकरण प्रयोजनको लागि नक्सा पास गरी घर अभिलेखिरकण प्रमाणपत्र प्रदान गरिनेछ " भन्ने व्यवस्था गरिएको छ ।

आज्ञाले
तिलक वि.क.
प्रमुख प्रशासकीय अधिकृत

तिलक वि.क.
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०८१।०७।२१